# कथाका क्रियाकलाप





**११+**
**रमाइलो क्रियाकलाप**

**उमेर समूह ५-१०**

Australian Aid
The Asia Foundation
Let's Read
An Initiative of Karkhana

**अस्वीकरण :**

यो **कथाका क्रियाकलाप** नामक प्रकाशन तथा संलग्न शैक्षिक सामग्री अष्ट्रेलिया सरकार, वैदेशिक मामिला तथा व्यापार विभागको सहयोगमा दी एसिया फाउण्डेसनद्धारा सञ्चालित कोभिड–१९ आकस्मिक प्रतिकार्य- शिक्षा सहयोग कार्यक्रम अन्तर्गत अनुवादित रूपमा तयार गरी साझेदार नगरपालिकामा निःशुल्क वितरणरका लागि उपलब्ध गराइएको हो । उल्लिखित प्रकाशन, अनुवादित सामग्री तथा संलग्न शैक्षिक सामग्रीमा व्यक्त विचारहरूले साझेदार नगरपालिका, अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन । साथै प्रकाशनमा समावेश भएका कुनै पनि कथा वस्तु वा शैक्षिक सामग्रीमा हुनसक्ने सम्भाव्य त्रुटीहरूको लागि साझेदार नगरपालिका एवं अष्ट्रेलिया सरकार तथा दी एसिया फाउण्डेसन जिम्मेवार हुनेछैन ।

**बाल संरक्षण नीति :**

बालबालिका कुनै पनि वेला हेला, हिंसा, दुर्व्यवहार, विभेद, मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक समस्यामा पर्न सक्दछन् । उनीहरु विरूद्ध यौन दुर्व्यवहार, श्रम शोषण तथा बाल विवाह, बेचविखन एवं ओसार पसार जस्ता अपराध हुन सक्दछ । यसै गरी, बालबालिका हराउने, बेवारिसे फेला पर्ने तथा परि त्याग गरिएको पनि हुन सक्दछन् । यदि कुनै पनि बालबालिका यस्तै जोखिममा तथा समस्यामा परेका छन् भने बाल हेल्पलाइन नेपालको आपत्कालीन पैसा नलाग्ने फोन नं १०९८ मा सम्पर्क गर्न सकिन्छ । जोखिममा परेका बालबालिकालाई बाल हेल्पलाइनले तत्काल सहयोग र परामर्श गर्ने छ ।

# ६ ल हात मिलाऔँ

## विद्यार्थीका लागि क्रियाकलाप

letsread.asia/LetsShakeHands



के कुकुर र बिरालो एक अर्कासित साथी बन्न सक्छन् ? ठीक लागेको उत्तरमा चिन्ह लगाऊ ।

- ☐ कुकुर र बिरालो साथी हुन सक्छन् ।
- ☐ कुकुर र बिरालो कहिल्यै साथी हुन सक्दैनन् ।
- ☐ कुकुर र बिराला कहिलेकाहिँ साथी जस्तै मिल्छन् र बाँकी समयमा चाहिँ लडाइँ गर्छन् ।

हामीले पढेको कथामा कुकुर र बिरालो दुबैका केही खुबी थिए । कथामा भएका बाहेक कुकुर र बिरालोको के-के खुबी होलान् ?

तलका खाली ठाउँ भर ।

कुकुहरु ........................................ राम्रोसँग गर्न सक्छन् ।

बिरालाहरु .................................... राम्रोसँग गर्न सक्छन् ।

कथामा कुकुर र बिरालो साथी भएपछि के होला त? तिनीहरूले एकअर्कासित कति रमाइलो गरे होलान्? तिमीले पपेट (कठपुतली)सँग खेलेका छौ ? पपेटहरु हातले खेलाउन मिल्ने खेलाउनाहरु हुन्, जसलाई मानिसहरूले कथा भन्ने क्रममा रमाइलो तरिकाले प्रयोग गर्ने गर्छन् । के तिमी कागजको पपेट बनाउन चाहन्छौ ?


हामी आफ्नै कुकुर र बिरालोका पपेट बनाऔं र तिनको प्रयोग गरी बाँकी कथामा के हुन्छ, भनौं ।

## खेलाउना बनाउनुअघि यी सामग्रीहरु हुनु जरुरी छ ।

१. रङ्गीन ए फोर कागज
२. फेविकल/ग्लु स्टिक
३. स्केल
४. चित्र बनाउने कलम
५. कैँची




# हाम्रो आफ्नै कुकुरको पपेट बनाऔँ




**चरण १**

एउटा रङ्गीन ए फोर कागज लेऊ ।




**चरण २**

कागजमा बराबर दूरीमा दुईवटा रेखा कोर ।



**चरण ३**

एउटा रेखाको माथि कागजलाई दोब्र्याऊ । तिमीले कुनैपनि लाइनबाट पट्याउन सक्छौ ।



**चरण ४**

बाँकी रहेका रेखाहरू माथि पनि पट्याऊ ।



**चरण ५**

अब कागजलाई चित्रमा देखाइए झैँ लम्बाइ अनुसार दोब्र्याऊ ।



**चरण ६**

तिम्रो कागज ‘W’ आकारको देखिन्छ । यसलाई हामी पपेट कुकुरको शरीर बनाउनेछौँ ।



**चरण ७**

अरु कागजका टुक्राबाट पपेटका लागि कान र नाकको आकार काट ।



**चरण ८**

पपेट कुकुरको अघिल्लो भागमा कान र नाक टाँस । कान र नाक कतापट्टि टाँस्ने भनेर बुझ्न चरण नौको चित्र हेर ।




**चरण ९**

यो कोणबाट पपेट कुकुर यस्तो देखिन्छ ।




(अर्कोपट्टिबाट हेर्दा)



**चरण १०**

अर्को कागजलाई जिब्रोको आकारमा काट ।



**चरण ११**

कानभन्दा मुनि आँखाहरु बनाऊ। तिमीले अर्को कागजबाट आँखा बनाएर पपेटको अनुहारमा टाँस्न पनि सक्छौ ।



**चरण १२**

कागजबाट काटिएको जिब्रोको आकारलाई चित्रमा देखाइए जसरी पपेटमा टाँस ।




**चरण १३**

तिम्रो चोरी औँला र माझी औँला पपेट कानभन्दा मुनि रहेको प्वालमा पसाऊ । तिम्रो बुढी औँलालाई अर्कोपट्टिको प्वालमा छिराऊ ।

## सीप बढाऊ

१. तिम्रो पपेट कुकुरलाई वास्तविक कुकुर जस्तै देखिने गरी रङ्गाऊ ।

२. बिरालो जस्तै अर्को पपेट बनाऊ र त्यसलाई पनि रङ्गाऊ ।





## दिमाग लगाऊ

१. तिम्रो पपेटले कसरी काम गर्छ ?

२. पपेट प्रयोग गरेर कुकुर र बिरालोको कथा बनाऊ र सुनाऊ ।

## कार्यपुस्तिका

### ल हात मिलाऔँ

तिम्रो पपेटहरु बनिसकेपछि तिनको प्रदर्शनी गर्न तयारी गर ।

**प्रदर्शनी तयारीका लागि यो पाना प्रयोग गर**

पपेट प्रदर्शनीको नाम :
निर्देशन :
प्रदर्शनीको पटकथा :

**जानिराखौँ** ल हात मिलाऔँ

## पपेटका विभिन्न प्रकारहरू

### परम्परागत कठपुतली




यिनीहरु नेपालमा हातबाट बनेका कठपुतलीहरु हुन् । यिनीहरूलाई धागोले झुण्ड्याइएको हुन्छ । र, धागो खेलाएर यिननलाई चलाइन्छ ।

### परम्परागत हाते पपेट



यिनीहरु निकै लोकप्रिय पपेटहरु हुन् । तिनलाई धेरै पपेट प्रदर्शनीहरूमा प्रदर्शन गरिंदै आएको छ । पपेट प्रदर्शकहरूले औँलाका मद्दतले पपेटका हात र टाउको चलाउने गर्छन् ।

### छायाँ पपेट



यी पपेटहरु विभिन्न आकारका सामानहरूले प्रकाश छेकेर बन्ने छायाँका आकृतिहरु हुन् ।

### औँले पपेट



यी साना पपेटहरु तिम्रा औँलाहरूमै अटाउँछन् !